(Nepali)

# बाफ्लो पब्लिक स्कूलहरु

# समुदाय-व्यापी आचरण तथा हस्तक्षेपहरु गर्दा समर्थनहरुको मापदण्डहरु

## २०२२-२०२५

# विद्यार्थी आचार संहिता


## डा. तोन्या एम. विलियम्स
## स्कूलहरुको सुपरिवेक्षक

**www.buffaloschools.org**

## आचार संहिता किन आवश्यक हुन्छ?

आचार संहिताको उद्देश्य स्कूलको सम्पत्ति तथा परिसरमा सुरक्षा र व्यवस्थालाई बढावा दिने व्यवहारहरुका लागि स्पष्ट अपेक्षाहरु कायम राख्नु हो। विद्यार्थीहरुले सम्भवत: सबै भन्दा उत्तम शैक्षिक वातावरणमा पठन-पाठन गर्न पाउन सक्छन् भनी यो आवश्यक छ।

स्कूलहरुलाई हेरचाह गर्ने र शिक्षा उन्मुख समुदायहरुमा परिणत गर्न शिष्टाचार, राम्रो आचरण र अरुहरुको हेरचाह, साथै आत्म-अनुशासन र अख्तियारको उचित सम्मानको आवश्यकता पर्दछ।

## आचार संहिता लागू गर्न विद्यार्थीहरुको भूमिका कस्तो हुन्छ?

स्कूलमा सुरक्षा र व्यवस्था कायम राख्न र आचार संहिता लागू गर्न विद्यार्थीहरुले धेरै ने महत्त्वपूर्ण भूमिका खेल्छन्। स्कूल तपाईको सिख्ने-पढ्ने ठाउँ हो, र यसलाई सुरक्षित र उत्पादनशील स्थान बनाउन तपाईको सहयोगको आवश्यक पर्दछ।

विद्यार्थीहरुले तुरुन्तै शिक्षक, प्रधानाध्यापक वा अन्य स्कूलका कर्मचारी सदस्यलाई आचार संहिताको उल्लङ्घन भएको बारेमा रिपोर्ट गर्न अपेक्षा गरिन्छ। यसमा स्कूलको सम्पत्तिमा (स्कूल बसहरु सहित) वा स्कूलका कार्यक्रमहरुमा हतियार, मदिरा, वा गैर-कानूनी पदार्थहरु बोकेका अन्यहरुलाई देख्ने विद्यार्थीहरु पर्दछन्।

## विद्यार्थीहरुबाट के अपेक्षाहरु गरिन्छ?

सबै विद्यार्थीहरुले अरुहरुको सुरक्षा तथा कल्याणलाई ध्यान दिएर आफूलाई उपयुक्त र शिष्ट ढंगले व्यवहार गर्नुपर्छ भनी अपेक्षा गरिन्छ। एक विद्यार्थी भएको हैसियतले आचार संहिताको आधारमा तपाईले निम्न कुराहरु गर्नुपर्छ भनी अपेक्षा गरिन्छ:

- आफ्नो क्षमता अनुसार काम गर्नुहोला र उपलब्धिको उच्चतम स्तरको लागि प्रयास गर्नुहोला।
- दैनिक रुपले स्कूलमा उपस्थित हुनुहोला, समयमै कक्षाकोठामा आउनुहोला र पढ्न-सिक्नको लागि तयार रहनुहोला।
- विद्यार्थीको पोशाक सम्बन्धि संहिता/नियम र इलेक्ट्रोनिक्स प्रयोग सम्बन्धि नियम संग-संगै उपयुक्त विद्यार्थी आचरणको लागि नियमहरुको पालना गर्नुहोला।
- अनुशासनात्मक कारवाही हुन सक्ने समस्याहरुको समाधान गर्न स्कूलका कर्मचारीहरुबाट मद्दत खोज्नुहोला (स्कूल काउन्सिलर, सामाजिक कार्यकर्ता, से एस स्टाफ)।
- शिक्षकहरु, प्रशासकहरु, अन्य विद्यालयका कर्मचारीहरु, र तपाईका सहपाठीहरुलाई सम्मानजनक तथा सकारात्मक रुपमा व्यवहार गर्नुहोला।
- तपाईले गरेका कार्यहरुको लागि जिम्मेवारी स्वीकार गर्नुहोला।
- अरुलाई खतरा पुर्याउन वा चोटपटक लग्नबाट रोक्न मद्दत गर्न सक्ने कुनै पनि जानकारी स्कूलका अधिकारीहरुलाई रिपोर्ट गर्नुहोला।
- सुरक्षित र व्यवस्थित स्कूलको वातावरणमा योगदान पुर्याउनु र अरुहरुप्रति आदर देखाउनुहोला।
- तोकिए अनुसार सबै कक्षाकार्य पूरा गर्नुहोला।

- स्कूलका प्रशासकहरु, कर्मचारी र शिक्षक वर्गका अनुरोधहरुलाई सुन्नुहोला।
- स्कूलको सम्पदा तथा सम्पत्तिको सम्मान गर्नुहोला।
- उपयुक्त भाषाको प्रयोग गर्नुहोला।

## आचार संहिता उल्लङ्घन हुनु अघि के गर्ने:

- आफ्नो कक्षाको शिक्षकसंग कुरा गर्नुहोला।
- विद्यार्थी समर्थन टोली (यस.यस.टि. - SST) को कार्यालयमा जान अनुरोध गर्नुहोला।
- १० सम्म गन्ती गर्नुहोला।
- लामो साँस लिनुहोला।
- मद्दतको लागि स्कूलको एउटा कर्मचारीको सदस्यलाई अनुरोध गर्नुहोला।
- तपाईको शिक्षकसँग एउटा योजना बनाउनुहोला जसले तपाईलाई समस्यामा परेको समयमा मद्दत गर्नेछ।
- कक्षामा पठन-पाठनको लागि तयार रहनुहोला।
- समयमै स्कूल पुग्नुहोला र कक्षामा काम गर्न तयार रहनुहोला।
- सधै आफूलाई तोकिएको क्षेत्रमा रहनुहोला।
- आफ्नो आमाबुवा, हजुरबुवा-हजुरआमा, वा अन्य परिवारका सदस्यहरुसँग कुरा गर्नुहोला।

## एउटा विद्यार्थीको हैसियतले मेरो अधिकारहरु र जिम्मेवारीहरु के-के हुन्?

**विद्यार्थीहरुका अधिकारहरु  निम्न प्राकरका छन्:**

- कानुनी रुपले हेरचाह गर्ने वा कानुनी अभिभावक बसेको जिल्लाको स्कूलमा पढ्न पाउने र कानूनद्वारा प्रदान गरिएको ५ देखि २१ वर्षको उमेरसम्म नि:शुल्क र उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्नु पाउने।

- विद्यार्थीहरुले शिक्षा प्राप्त गर्न र निष्पक्ष रुपमा अरुबाट व्यवहार प्राप्त गर्नको लागि सबैका लागि विद्यालय सुरक्षित, व्यवस्थित र उद्देश्यपूर्ण ठाउँ हुनुपर्छ भनी अपेक्षा गर्नुहोला।

- एक व्यक्ति सरह सम्मान पाउनुपर्ने र अन्य विद्यार्थीहरु र स्कूलका कर्मचारीहरुबाट शिष्टतापूर्वक, निष्पक्ष र सम्मानपूर्वक व्यवहार गरिनुपर्ने।

- आफ्नो विचारलाई मौखिक वा लिखित रुपमा व्यक्त गर्नु पाउने।

- आफ्नो व्यक्तित्वलाई अभिव्यक्त गर्ने तरिकाले पोशाक लगाउने।

- समान र उपयुक्त शैक्षिक अवसरहरु प्राप्त गर्न पाउने।

- जात, रंग, सम्प्रदाय, धर्म, धार्मिक प्रचलन, लिङ्ग, यौन झुकाव, लिङ्ग, मूल राष्ट्र, जातीय समूह, राजनैतिक सम्बद्धता, उमेर, वैवाहिक स्थिति, वा असक्षमता/अपाङ्गता भएता पनि समान आधारमा सबै स्कूलका क्रियाकलापहरुमा सहभागी हुन पाउने।

- लागूऔषध र मदिरा दुरुपयोग सम्बन्धी सान्दर्भिक र वस्तुनिष्ठ जानकारीमा पहुँच हुने, साथै गम्भीर व्यक्तिगत समस्याहरु भएका विद्यार्थीहरुलाई प्रत्यक्ष सहायता प्रदान गर्न सक्षम व्यक्ति वा एजेन्सीहरुमा पहुँच हुने।

- स्कूलको सम्पत्ति वा स्कूलले प्रायोजित गरेको कार्यक्रम, समारोह, वा कृयाकलापहरुमा वास्तविक वा कथित जाति, रंग, तौल, मूल राष्ट्र, जातीय समूह, धर्म, वा धार्मिक अभ्यास, लिङ्ग, लिङ्ग पहिचान, यौन झुकाव, वा असक्षमता/अपाङ्गताको आधारमा कर्मचारी वा विद्यार्थीहरुद्वारा धम्की, उत्पीडन, वा भेदभावबाट सुरक्षित हुन पाउने ।

## विद्यार्थीहरुको जिम्मेवारी निम्न प्रकारका हुने छन्:

१. स्कूलमा दैनिक, नियमित र समयमै उपस्थित हुने, गृहकार्यहरु पूरा गर्ने, सम्भव भएसम्म उच्चतम गुणस्तरको काम गर्न प्रयास गर्ने, सिक्नको लागि तयार रहनुपर्ने, र राम्रो शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिने।

२. विद्यार्थीको व्यवहारलाई नियन्त्रण गर्ने सबै नियम र अपेक्षाहरु बारे सचेत हुने र यी दिशानिर्देशहरु अनुसार व्यवहार गर्ने।

३. स्कूलको समुदायमा सबैलाई सम्मान गर्ने र आफूले अरुबाट व्यवहारको अपेक्षा गरे अनुरुप् अरुहरुलाई पनि त्यस्तै व्यवहार गर्ने।

४. अरुहरुको अधिकार र विशेषाधिकारहरुलाई अपमान, निन्दा, वा प्रतिबन्धित नगर्नको लागि सम्मानजनक रुपमा आफ्नो धारणाहरु र विचारहरु व्यक्त गर्ने।

५. शारीरिक स्वास्थ्य, सुरक्षा, स्कूलको गतिविधिहरुमा सहभागितालाई खतरामा पर्ने गरी वा अनावश्यक रुपमा ध्यानलाई विचलित हुन नदिने गरी पोशाक सम्बन्धि संहिता/नियम अनुसार उपयुक्त पोशाक लगाउनु पर्ने।

६. आफ्नो क्षमताको अधिकतम उपयोग गर्न र विकास गर्न उपलब्ध शैक्षिक कार्यक्रमहरुको बारेमा सचेत रहने।

७. सबै शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरुमा सबै भन्दा राम्रो काम गर्ने, साथै अरुहरुसंग निष्पक्ष तरिकाले काम गर्ने र उनीहरुलाई सहयोग गर्ने।

८. जानकारी र सेवाहरु बारे सचेत रहनु पर्ने र उपयुक्त हुँदा व्यक्तिगत समस्याहरुलाई समाधान गर्न मद्दत खोज्ने।

९. डिस्ट्रिक्टको आचार संहिता र मर्यादा ऐनका प्रावधानहरु बमोजिम एक अर्कालाई सम्मान गर्ने र अरुहरुलाई निष्पक्ष रुपले व्यवहार गर्ने।

१०. धम्की, उत्पीडन, वा भेदभावबाट मुक्त वातावरणलाई बढावा दिने तरिकाले व्यवहार गर्ने।

११. धम्की, उत्पीडन, वा भेदभावको कुनै पनि घटनाहरुलाई रिपोर्ट गर्ने र अरुहरुलाई पनि प्रोत्साहित गर्ने।

## मैले पालना गर्नुपर्ने पोशाक संहिता/नियम के हो?

स्कूलको सम्पत्ति/परिसरमा वा स्कूलको समारोहमा, पोशाक संहिता/नियम धेरै महत्त्वपूर्ण हुन्छ। स्कूल जानको लागि तयार हुँदा शैक्षिक प्रक्रियामा बाधा वा हस्तक्षेप नगर्न र व्यावसायिक रुपले पढ्ने-लेख्ने वातावरणको सम्मान गर्नका लागि तपाईले उपयुक्त पोशाक लगाउनु पर्छ भन्ने कुरामा सचेत हुनु। उदाहरणका लागि:

- कुनै पनि लुगाहरु (सबै प्यान्ट, स्कर्ट, सर्ट र टपहरु सहित) शरीरका भित्रि अङ्गहरु देख्न सकिने, अत्यधिक टाइट, वा अत्यधिक छोटो नलगाउनु।

- कम्मरको स्तरमा प्यान्ट लगाउनको साथै उपयुक्त बाहिरी कपडाले सबै अंडरवियरहरु छोप्नु।

- सुरक्षित र उपयुक्त जुत्ता लगाउनु। अनुपयुक्त जुत्ताहरुमा ब्याकलेस (Blackless) जुत्ताहरु (जस्तै, फ्लिप फ्लपहरु, सुत्ने चप्पलहरु) समावेश छन्, तर यतिमै सीमित छैन। दस्तावेजीकारण गरिएका मेडिकल अवस्थाहरुमा मात्र अपवादहरु लागू हुनेछन्।

- चिकित्सा वा धार्मिक कारणहरुका लागि आवश्यक पर्ने टाउको/कपालमा लगाइने वस्त्रहरु (हेडवेयर) मात्र लगाउनु।

- अश्लील, असभ्य, कामुक र अपमानजनक वा अरुलाई बदनाम गर्ने वा स्कूलमा अवरोध पुर्याउने जसको कारण शैक्षिक कार्यक्रममा बाधा पुर्याउदछ, त्यस्ता लुगाहरु लगाउन हुँदैन।

- रक्सी, सुर्तीजन्य पदार्थहरु, वा अन्य अवैध लागूऔषधको प्रयोगलाई बढावा दिने र/वा समर्थन गर्ने र/वा अन्य गैरकानूनी वा हिंसात्मक गतिविधिहरुलाई प्रोत्साहन गर्ने कुनै पनि कपडा नलगाउनु।

- हुड (वा "हुडी") भएको स्वेटसर्ट लगाउन सकिन्छ, तर हुडहरु सधैं भवनहरु भित्रै हुनुपर्छ।

- हतियारको रुपमा मानिने गहना नलगाउनु। बेल्टहरु बाँधिएको हुनुपर्छ।

- गिरोह सदस्यताको प्रतीकको रुपमा सम्बन्धित वा पहिचान गर्न सकिने लुगाहरु नलगाउनु।

*****नोट--पोशाक संहिता/नियमलाई उल्लङ्घन गर्ने विद्यार्थीहरुले अपमानजनक वस्तुलाई छोपेर वा हटाएर, र आवश्यक भएमा र/वा व्यावहारिक भएमा स्वीकार्य वस्तुले प्रतिस्थापन गर्न पर्ने आवश्यक हुनेछ। त्यसो गर्न अस्वीकार गर्ने कुनै पनि विद्यार्थीलाई सामुदायिक-व्यापी आचरण र हस्तक्षेपहरु गर्दा समर्थनहरुको मापदण्डहरु अनुसार अनुशासनको अधीनमा ल्याउन सकिन्छ। पोशाक सम्बन्धि संहिता/नियमको उल्लङ्घनले लैङ्गिक आधारमा शैक्षिक अवसरहरुमा असमानता ल्याउनु हुँदैन।**

## इलेक्ट्रोनिक उपकरणहरुको प्रयोग सम्बन्धी नियमहरु के हुन्?

जब विद्यार्थीबाट मोबाइल फोन जफत गरिन्छ, कर्मचारीले तुरुन्तै विद्यार्थीका अभिभावक(हरु)/संरक्षक(हरु) लाई सूचित गर्नेछन् ताकि तिनीहरुको बच्चासँग अन्य प्रबन्धहरु (संचारका माध्यमहरु) गर्न सकिन्छ। यस बफलो पब्लिक स्कूलहरुको आचार संहितामा रहेको जफत गर्ने प्रावधानहरुको अनुसार कर्मचारीहरुलाई तुरुन्तै अभिभावकहरु/संरक्षकहरुसंग सम्पर्क गर्न आवश्यक हुन्छ।

- व्यक्तिगत इलेक्ट्रोनिक सञ्चारका उपकरण (जस्तै मोबाइल फोन, आइपड, आईप्याड, ल्यापटप, ट्याब्लेट, आदि) वा इलेक्ट्रोनिक गेम उपकरणहरु (एक्स-बक्स, प्लेस्टेशन, आदि) ल्याउने निर्णय विद्यार्थी र/वा विद्यार्थीको अभिभावक/अभिभावकको निर्णय हो।

- विद्यार्थी, अभिभावकहरु र संरक्षकहरु सचेत हुनुपर्दछ कि स्कूलको सम्पत्ति तथा परिसरमा यस्ता उपकरणहरुको कुनै पनि क्षति, विनाश, हानी वा चोरी, भएमा डिस्ट्रिक्ट जिम्मेवार हुनेछैन।

- स्कूल भित्र प्रवेश गरेपछि सबै मोबाइल फोनहरु विद्यार्थीको लकरमा भण्डारण गर्नुपर्छ। मोबाइल फोनलाई "अफ" वा गैर-सञ्चालन मोडमा राख्नु पर्नेहुन्छ।

- विद्यार्थीहरुले स्कूलको भवनहरु र स्कूल बसहरुमा मोबाइल फोनहरु बोक्न वा सञ्चालन गर्न नपाउनसक्छन्।

- स्कूलको  भवनमा मोबाइल फोन बोक्ने वा सञ्चालन गर्ने कुनै पनि विद्यार्थीलाई स्कूल डिस्ट्रिक्टको प्रशासनिक वा सुरक्षा कर्मचारीले त्यो वस्तुलाई जफत गर्न सक्ने विषय हुनेछ।

- जब यी उपकरणहरु भवनमा जफत गरिन्छन्, तब अभिभावक/संरक्षकले सो वस्तुलाई पुनःप्राप्त गर्न भवनका प्रशासकसँग भेट्नुपर्ने हुन्छ।

- यदि कुनै विद्यार्थीले यो नीतिलाई बारम्बार उल्लङ्घन गरेको फेला परेमा, सो उपकरणलाई जफत गरी डिस्ट्रिक्टको सुरक्षा कार्यालयमा पठाइनेछ। अभिभावक/संरक्षकले सो उपकरणलाई पुनःप्राप्त गर्नको लागि आफ्नो व्यवस्था गर्नुपर्ने हुन्छ। बफलो पब्लिक स्कूलहरुको आचार संहितालाई आधार मानेर विद्यार्थीहरु अनुशासनिक कारवाहीको अधीनमा पर्न सक्छन्।

- इलेक्ट्रोनिक डाटा ट्रान्सफर (वायरलेस संचार उपकरणहरु) वा अन्यथा (सामान्यतया टेक्स्टिङ, सेक्सटिङ, इमेल, इत्यादि भनिन्छ) द्वारा कामुक, अशिष्ट, अश्लील, वा अन्यथा गैरकानूनी फोटोहरु वा तस्बिरहरु लिने, प्रसारित गर्ने, स्थानान्तरण गर्ने वा साझा गर्न कार्यलाई राज्य र/वा संघीय कानून बमोजिम अपराधको रुपमा लिन सकिन्छ। कामुक, अशिष्ट, अश्लील, वा अन्यथा गैरकानूनी तस्बिरहरु वा फोटोहरु लिने, फैलाउने, स्थानान्तरण गर्ने, वा साझा गर्ने कुनै पनि व्यक्ति स्कूल डिस्ट्रिक्टको अनुशासनात्मक कारवाहीको प्रक्रियाहरुको अधीनमा पर्नेछ र कानून कार्यान्वयन गर्ने र/वा अन्य उपयुक्त राज्य र संघीय एजेन्सीहरुलाई रिपोर्ट गरिन्छ, जसको कारणले सो व्यक्तिलाई पक्राउ गर्न सकिन्छ, आपराधिक अभियोगको मुद्दा लग्न सक्छ,

र यौन अपराधीहरुको दस्तावेजहरुमा जीवनभरको उसको नामलाई लागि दर्ता गरी समावेश गरिन्छ।

- प्रहरी, सरकारी निकायका कानून/कानूनको कार्यान्वयन गर्ने अधिकारीहरु, स्कूलका सुरक्षा र स्कूलका प्रशासनिक कर्मचारीहरुसँग उपयुक्त कामहरुको संचालनका लागि संचारका उपकरणहरु चलाउन र उनीहरुसंग राख्ने अधिकार दिइको छ।

*****नोट--डिस्ट्रिक्टले कक्षाकोठामा मोबाइल फोनको उपयुक्त प्रयोगको लागि अधिकार दिन सक्छ जब सो फोन शैक्षिक उद्देश्यका लागि मात्र प्रयोग गरिन्छ।**

**इलेक्ट्रोनिक उपकरणहरुको प्रयोगको लागि स्कूलको प्रिन्सिपलले मात्र स्वीकृति प्रदान गर्नेछ।**

## हस्तक्षेप र प्रतिक्रियाको स्तर

जब विद्यार्थीहरुले बफलो पब्लिक स्कुलहरुको आचार संहितामा उल्लिखित व्यवहारको अपेक्षाहरुलाई उल्लङ्घन गर्छन् तब, स्कूलका कर्मचारी र प्रधानाध्यापकहरुले संवेदनशील, उचित र निरन्तर रुपमा प्रतिक्रिया दिन्छन्।

आचार संहिता उल्लङ्घनका सम्भावित प्रतिक्रियाका ४ स्तरहरुलाई आचार संहितामा समावेश गरेको छ। प्रत्येक उल्लङ्घनलाई हस्तक्षेप र प्रतिक्रियाको यी स्तरहरु मध्ये एक वा बढी स्तरहरुलाई तोकिएको छ। प्रधानाध्यापक र स्कूलका कर्मचारीहरुले प्रत्येक व्यवहारको लागि **सुझाव गरिएका स्तरहरुलाई मात्र** प्रयोग गर्नुपर्छ।

**यदि अनुपयुक्त वा विघटनकारी व्यवहार दुई वा बढी स्तरहरुमा तोकिएको छ भने, जहाँ सम्भव छ, हस्तक्षेप र अनुशासनात्मक प्रतिक्रियाको न्यूनतम स्तरलाई पहिले प्रयोग गर्नुपर्छ।**

उदाहरणका लागि, यदि कुनै विद्यार्थीले निर्देशनहरुको पालना गर्न अस्वीकार गरेमा, स्कूलका कर्मचारी र प्रिन्सिपलहरुले स्तर २ मा जानुभन्दा पहिले स्तर १ मा उल्लेख गरिएका हस्तक्षेप रणनीतिहरु र प्रतिक्रियाहरुको प्रयोग गर्नुपर्छ।

जब प्रधानाध्यापक र स्कूलका कर्मचारीहरुले विद्यार्थीको व्यवहारप्रति प्रतिक्रिया दिन्छन्, उनीहरुले धेरै कारकहरुलाई विचार गर्नुपर्ने भनी अपेक्षा गरिन्छ। निम्न पृष्ठहरुले हस्तक्षेप र प्रतिक्रियाहरुको स्तरहरु बारे थप जानकारी प्रदान गर्दछ।

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला**

| | | | |
|---|---|---|---|
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन: व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि अनुरोध: विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुको सुरक्षालाई गम्भीर रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रिफर गर्न सकिन्छ |
|---|---|---|---|---|---|
| **#१. अनुपस्थितिहरु** | | | | | |
| ● अनुमति बिना स्कूल बाट अनुपस्थित | ● | | | | |
| ● स्कूलबाट लगातार वा अत्यधिक अनुपस्थिति | ● | ● | | | |
| ● निरन्तर कामचोरी (अर्थात्, कुनै पनि अंकित अवधि, त्रैमासिक वा वर्षको २० प्रतिशतभन्दा बढी दिनको लागि गैरकानूनी रुपमा विद्यालयबाट अनुपस्थित) | ● | ● | | | |
| **#२. शैक्षिक बेइमानी** | | | | | |
| ● छल गर्ने वा चोरी गर्ने (प्रि-के देखि कक्षा ८) | ● | ● | | | |
| ● छल गर्ने वा चोरी गर्ने (कक्षा ९ देखि १२) | ● | ● | ● | | |
| **#३. मदिरा** | | | | | |
| ● मदिराको प्रभावमा | | ● | ● | ● | ● |
| ● सेवन गरिरहेको वा मदिरा राखेको | | ● | ● | ● | ● |
| ● वितरण वा बिक्रि | | | | ● | ● |
| **#४. विद्यार्थीमाथि आक्रमण ( साथै बिना चेतावनी वा कारणअन्य विद्यार्थीलाई हिर्काउने, लात हाने वा मुक्का हान्ने )** | | | | | |
| ● कुनै चोटपटक नलागेको (देखिने किसिमको, शारीरिक चोटपटक छैन; घरेलु हिंसा वा सम्बन्ध विवादका घटनाहरु समावेश छन्) | | ● | ● | | |
| ● प्रि-के देखि कक्षा ४ का लागि शारीरिक चोट | | ● | ● | ● | |
| ● कक्षा ५ देखि १२ का लागि शारीरिक चोट | | | ● | ● | ● |
| **#५. विस्फोटक बम, गोला बारुदको खतरा** | | | | | |
| ● प्रि-के देखि कक्षा ४ सम्म | | ● | ● | ● | ● |
| ● कक्षा ५ देखि १२ सम्म | | | | ● | ● |

| | | | | | |
|---|---|---|---|---|---|
| **#६. बुलिङ्ग: तर्साउने वा भयभीत पर्ने (साइबर बुलिङ्ग र गिरोहसंग सम्बन्धित घटनाहरु पनि पर्दछन्)** | | | | | |
| • जानाजानी गरिएको आचरण (मौखिक, शारीरिक, वा लिखित आचरण सहित) वा इलेक्ट्रोनिक संचार जसले धम्की दिन्छ वा गम्भीर रुपमा तर्साउने र स्कूलको व्यवस्थित सञ्चालनमा पर्याप्त रुपमा बाधा पुऱ्याउँछ। | • | • | • | | |
| • गम्भीर तरिकाले तर्साउने वा भयभीत पर्ने (अर्थात्, स्कूलको शिक्षा वा अतिरिक्त-पाठ्यक्रमको क्रियाकलापहरुमा भाग लिने वा त्यसबाट लाभ उठाउने अर्को विद्यार्थीको क्षमतामा प्रतिकूल प्रभाव पार्ने गरी जानाजानी नकारात्मक व्यवहारहरुमा बारम्बार संलग्न हुने) | | • | • | • | • |

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला**

| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन: व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घक अनुरोध: विद्या स्कूलमाअरुहर असर गर्दा उप |
|---|---|---|---|

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजे |
|---|---|---|---|---|---|
| **#७. बस सम्बन्धि नियमहरुको उल्लङ्घन** | | | | | |
| • बसमा सानो अवरोध (जस्तै: खाने, पिउने, धेरै चर्को आवाजमा कराउने, उभिने) | • | • | | | |
| • बसमा गम्भीर अवरोध (झगडा गर्ने, सामानहरु फ्याँक्ने, बस चालकलाई विचलित गर्ने, आपतकालीन निकास खोल्ने जस्तालाई समावेश गरिएको छ) | | • | • | • | |
| **#८. कक्षा छुटाउने** | | | | | |
| • जानाजानी निरधारित कक्षामा प्रकट हुन वा उपस्थित हुन बारम्बार असफल | • | • | | | |
| **#९. कक्षाकोठामा अवरोध** | | | | | |
| • कक्षामा कुरा गर्ने वा आफ्नो पालो नआई बोल्ने; सामानहरु फ्याँक्ने; अरुको आलोचना गर्ने वा जिस्क्याउने; अन्य विद्यार्थीहरुलाई सताउने वा जिस्क्याउने; र विद्यार्थीहरुको पठन-पाठनमा अवरोध गर्ने किसिमको अन्य व्यवहार गर्ने | • | • | | | |
| **#१०. अख्तियारको अवज्ञा र/वा अवहेलना** | | | | | |
| • निर्देशनहरुको पालना गर्न असफल | • | • | | | |
| • स्कूलका कर्मचारीका प्रश्नहरु वा अनुरोधहरुको जवाफलाई फर्काउन असफल | • | • | | | |
| • निर्देशनहरु पालना गर्न असफल हुनाले आफैलाई वा अर्को व्यक्तिलाई सम्भावित खतरा वा हानि पुऱ्याउने | • | • | • | | |
| • निर्देशनहरु पालना गर्न असफल भएको, जसले प्रत्यक्ष रुपमा आफैलाई वा अरुहरुलाई हानि पुऱ्याउँछ | • | | • | | |

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**आधारः : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला**

| | | | |
|---|---|---|---|
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोलीः विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासनः व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बनः उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको विद्यार्थीको व्यवहारले स्कूलमाअ गम्भीर रुपमा असर गर्दा उपयुक्त |

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रि |
|---|---|---|---|---|---|
| **#११. अनादरपूर्ण व्यवहार** | | | | | |
| • अनुपयुक्त इशाराहरु, चिन्हहरु, वा टिप्पणीहरु प्रयोग गर्ने, वा अपमानजनक वा आपत्तिजनक भाषाको प्रयोग गर्ने | • | • | | | |
| • मौखिक अपमान वा अपमानजनक वा आलोचनात्मक टिप्पणीको प्रयोग गर्ने , वा स्कूल स्टाफसंग झूट बोल्ने, भ्रामक वा गलत जानकारी दिने | • | • | • | | |
| • मौखिक अपमान वा अपमानजनक वा आलोचनात्मक टिप्पणीको प्रयोग गर्ने , वा स्कूल स्टाफसंग झूट बोल्ने, भ्रामक वा गलत जानकारी दिने जसले अर्को व्यक्तिलाई भावनात्मक वा शारीरिक हानि पुर्‍याउँछ। | • | • | • | • | • |
| **#१२. पोशाक सम्बन्धि संहिता/नियम** | | | | | |
| • पृष्ठ ३५ मा पोशाक सम्बन्धि संहिताको मापदण्डहरुलाई रिफर गर्नुहोला | • | • | | | |
| **#१३. लागूऔषधहरु वा नियन्त्रित पदार्थहरु (स्कूल भित्र र स्कूलले आयोजना गरेका क्रियाकलापहरुमा वा स्कूलको समुदायको सुरक्षा वा कल्याणलाई असर गर्ने घट** | | | | | |
| • नशाको प्रभावमा | | • | • | • | • |
| • सेवन गरेको वा आफूसंग राखेको | | • | • | • | • |
| • वितरण वा बिक्रि | | | | • | • |
| **#१४. भाग्ने/पलायन हुने** | | | | | |
| • अनुमति बिना विद्यालयको मैदान छाडेर हिँड्ने वा बिना कारण स्कूलको हलवेमा डुल्ने, आदि | • | • | | | |
| **#१५. लुटपाट/जबरजस्ती (अर्थात्, प्रत्यक्ष वा अप्रत्यक्ष रुपले बलको धम्कीले अरुसंग (धन वा सम्पत्ति) लिने वा लिने प्रयास गर्ने)** | | | | | |
| • प्रि-के देखि कक्षा ४ | | • | • | | |
| • कक्षा देखि १२ | | | • | • | • |
| **#१६. फायर अलार्मको गलत सक्रियता** | | | | | |
| • प्रि-के देखि कक्षा ४ | | • | • | • | • |

| | | | | | |
|---|---|---|---|---|---|
| • प्रि-के देखि कक्षा ४ | | • | • | • | • |
| **#१७. लडाई** | | | | | |
| • अर्को विद्यार्थीसँग शारीरिक आक्रामकता (जस्तै, धकेल्ने वा हुत्याउने) | • | • | | | |
| • सानो झगडा (सानो चोटपटक लाग्ने घटनाहरु जस्तालाई समावेश गरिएकोछ) | • | • | • | | |

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**KEY: USE LOWEST LEVEL INDICATED FIRST**

| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन: व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुव रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |
|---|---|---|---|

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रिफ |
|---|---|---|---|---|---|
| **#१८. आगो सुरु गर्ने / आगजनी** | | | | | |
| • जानाजानी आगो सुरु गर्ने; आगो सुरु गरेको कारणले सम्पत्तिको विनाश हुनु | | | • | • | • |
| **#१९. जुवा** | | | | | |
| • पैसा वा साट्न योग्य वस्तुहरुको प्रयोगको आवश्यकता | • | • | • | | |
| **#२०. हल्वेमा दुर्व्यवहार** | | | | | |
| • दौड्नु, अत्याधिक आवाज निकाल्नु, वा बिना कारण डुल्नु | • | • | | | |
| **#२१. बंश, जातीय, लिंग, यौन अभिमुखीकरण, असक्षमता/अपाङ्गता, वा धर्ममा आधारित उत्पीडन (स्कूल समुदायको सदस्य विरुद्ध साइबर उत्पीडन सहित)** | | | | | |
| • सानो उत्पीडन | • | • | | | |
| • गम्भीर उत्पीडन (जस्तै, लगातार, वा दीर्घकालीन उत्पीडन) | | • | • | • | • |
| **#२२. घृणासंग सम्बन्धि अपराध** | | | | | |
| • पूर्ण वा आंशिक रुपले कुनै जाति, धर्म, अपाङ्गता, वंशज, वा यौन झुकाव संग-संगै घृणायुक्त भाषण बिरुद्ध एउटा अपराधीको पक्षपातबाट उत्प्रेरित कुनै पनि व्यक्ति वा सम्पत्ति | | • | • | • | • |

| | | | | | |
|---|---|---|---|---|---|
| बिरुद्ध एक दण्डनीय अपराध। | | | | | |
| **#२३. अशान्त वातावारणको सिर्जना गर्ने वा सहभागी बन्ने** | | | | | |
| ● स्कूलमा र सामान्य कक्षाकोठाको बाहिर (क्याफेटेरिया, हलवे, पुस्तकालय, बस स्टप, आदि) अवरोध गर्नाको साथै स्कूलको कार्य-व्यवस्था र अनुशासनको वातावरणमा ठूलो अवरोध ल्याउने जुन प्रभावकारी शिक्षा प्रदान गर्नको लागि आवश्यक छ। | | ● | ● | ● | ● |
| ● अशान्त वातावारण सिर्जना गर्न अरुलाई आकर्षित गर्न व्यक्तिगत सञ्चार यन्त्रको प्रयोग गर्ने | | ● | ● | ● | ● |

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला

| | | | |
|---|---|---|---|
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन:व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि अनुरोध: विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुको सुरक्षालाई गम्भीर रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रिफर गर्न सकिन्छ |
|---|---|---|---|---|---|
| **#२४. इनहेलेंट्स (सुँघ्ने पदार्थहरु)** | | | | | |
| ● प्रभाव अन्तर्गत - कुनै विद्यार्थी प्रभावमा रहेको वा इन्हेलेन्ट प्रयोग गरेको पाइएमा चिकित्साकर्मीहरुलाई तुरुन्त सूचित गरिनुपर्छ। | | ● | ● | ● | ● |
| ● सेवन गर्ने वा आफूसंग राखेको | | ● | ● | ● | ● |
| ● वितरण वा बिक्रि | | | | ● | ● |
| **#२५. स्कूलका कर्मचारी/गैर-बीपीएस वयस्कहरुसंग शारीरिक सम्पर्क (जस्तै: स्कूलका आगन्तुकहरु, सामुदायिक साझेदारहरु, स्कूल लाग्न भन्दा अघि र स्कूल सके पछि स्कूल संग सम्बन्धि क्रियाकलापहरुको प्रदायकहरु)** | | | | | |
| ● स्कूलका कर्मचारीहरुसँग अनजानमा आकस्मिक शारीरिक सम्पर्क | ● | ● | | | |
| ●स्कूलका कर्मचारीहरु माथि आक्रमण; बफेलो पब्लिक स्कूलका कर्मचारी वा अन्य वयस्कहरुलाई शारीरिक रुपमा आक्रमण गर्ने, झगडा वा अन्य विघटनकारी गतिविधिमा हस्तक्षेप गर्ने कर्मचारी सदस्यलाई प्रहार गर्ने | | | ● | ● | ● |
| **२६. पोर्टेबल (portable) इलेक्ट्रोनिक उपकरणहरु** | | | | | |
| ● अनाधिकृत समयमा मोबाइल फोन, पी.डी.ए. (PDA), आइपडस्, इलेक्ट्रोनिक गेम उपकरणहरुको प्रयोग। पहिलो उल्लङ्घनमा, विद्यार्थीहरुलाई चेतावनी मात्र दिइन्छ। पहिलो | ● | ● | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| उल्लंघन पछि मात्र विद्यार्थीले स्तर १ मा उल्लेखित प्रतिक्रियाहरुको अधीनमा ल्याउन सकिन्छ। दोस्रो उल्लङ्घनमा, अभिभावकलाई सूचना पठाउनु पर्छ। स्कूलको नेतृत्वकर्ताले स्कूलमा सुरक्षालाई प्रोत्साहन गर्ने अभ्यासहरु लागू गर्न सक्छ: स्कूलमा प्रवेश गरेपछि विद्यार्थीहरुबाट मोबाइल फोनहरु सङ्कलन गर्न र त्यसपछि विद्यालय दिनको अन्त्यमा विद्यार्थीहरुलाई फिर्ता गर्ने प्रणालीहरु सिर्जना गर्नपर्छ। | | | | | |
| • इलेक्ट्रोनिक उपकरणहरुको प्रयोग जसको लागि यो निर्धारण गरिएको छ कि यस्तो प्रयोगले अर्को व्यक्तिलाई शारीरिक वा भावनात्मक हानि पुऱ्याउँछ वा प्रत्यक्ष रुपमा निम्त्याउँछ | | • | • | • | • |



## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला**

| | | | |
|---|---|---|---|
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन:व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन:उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि अनुरोध:विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुको सुरक्षालाई गम्भीर रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |

| अनुपयुक्त या विघटनकारी व्यवहार | LEVEL 1 | LEVEL 2 | LEVEL 3 | LEVEL 4 | पुलिस / उपयुक्त एजेन्सीलाई रिफर गर्न सकिन्छ |
|---|---|---|---|---|---|
| **#२७. सम्पत्तिको क्षति, साथै ग्राफिटि (अनावश्यक रुपले भित्ताहरुमा लेख्ने)** | | | | | |
| • सानो वा आकस्मिक क्षति ($ ५० भन्दा कम) | • | • | | | |
| • अर्को व्यक्तिको वा स्कूलको सम्पत्तिमा क्षति | | • | • | • | • |
| **#२८. अनुमति बिना स्कूलको उपकरणको प्रयोग** | | | | | |
| • कम्प्युटरहरु, फ्याक्स मेसिन, फोनहरु आदिको प्रयोग। | • | • | | | |
| **#२९. गम्भीर शारीरिक चोट** | | | | | |
| • मृत्युको लागि पर्याप्त जोखिम निम्त्याउने वा स्थायी वा गम्भीर रुपले विरुपन गर्ने, शरीरको कुनै अंगको कार्यमा क्षति गर्ने वा शरीरको कुनै अंगलाई कार्य गर्नबाट हानि गर्ने | | | • | • | • |
| **#३०. यौन आक्रमण वा अपराध** | | | | | |
| • जबरजस्ती यौन कार्य - स्कूलका कर्मचारीहरुले कुनै पनि यौन दुर्व्यवहारको लागि तुरुन्तै बफेलो प्रहरीलाई सम्पर्क गर्न आवश्यक छ | | | | • | • |
| **#३१. यौनमा आधारित उल्लङ्घन** | | | | | |
| • यौन उत्पीडन (अर्थात्, अनिच्छित यौनको | | • | • | • | • |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयासहरु, यौन अनुग्रहको लागि अनुरोध; यौन तथा कामुक प्रकृतिको अन्य अनुपयुक्त मौखिक, लिखित वा शारीरिक आचरण) | | | | | |
| • यौन गतिविधि वा यौन दुर्व्यवहार (जस्तै, अश्लील प्रदर्शन, यौन गतिविधिमा संलग्न, आदि) (प्रि-के देखि कक्षा ४) | • | • | • | • | • |
| • यौन गतिविधि वा यौन दुर्व्यवहार (कक्षा ५ देखि १२) | | • | • | • | • |
| **#३२. आलस्य** | | | | | |
| • कक्षा वा स्कूलमा लगातार वा अत्यधिक ढिलाइ/आलस्य | • | • | | | |
| **#३३. प्रौद्योगिकी स्वीकार्य उपयोग नीतिको उल्लंघन** | | | | | |
| • विवरणका लागि मापदण्डहरुको पृष्ट ९ लाई हेर्नुहोला | • | • | | | |
| **#३४. स्कूलका कर्मचारीहरु विरुद्ध धम्की (शारीरिक इशारा, लिखित धम्की, वा मौखिक धम्की)** | | | | | |
| • प्रि-के देखि कक्षा ४ | • | • | • | • | • |
| • कक्षा ५ देखि १२ | | • | • | • | • |

## अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु

**आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला**

| | | | |
|---|---|---|---|
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन: Nepव्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि अनुरोध: विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुको सुरक्षालाई गम्भीर रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रिफर गर्न सकिन्छ |
|---|---|---|---|---|---|
| **#३५. चोरी** | | | | | |
| • $ ५०० भन्दा कम | | • | • | | |
| • $५०० भन्दा बढी (प्रि-के वा किन्डरगार्डेनका विद्यार्थीहरुका लागि प्रहरीलाई सम्पर्क नगर्न सिफारिस गरिन्छ) | | | • | • | • |
| **#३६. सुर्तीजन्य (धुम्रापन) पदार्थ राखेको वा सेवन** | | | | | |
| • स्कूलका कर्मचारीहरुले विद्यार्थीहरुलाई सुर्तीजन्य पदार्थहरु दुरुपयोग गरेको खण्डमा उपयुक्त परामर्शको लागि पठाउन अनुरोध गरिन्छ | • | • | | | |
| **#३७. अतिक्रमण** | | | | | |
| • निलम्बन वा निष्कासन गर्दा पनि अनुमति बिना स्कूलको सम्पत्तिमा उपस्थित हुनु वा देखापर्नु; साथै तोड्ने र प्रवेश गर्ने | | • | • | • | • |

| | | | | | |
|---|---|---|---|---|---|
| **#३८. अनाधिकृत बिक्री वा वितरण (अर्थात्, यस मापदण्ड अन्तर्गत समावेश नगरिएको सामानको अनधिकृत वा अस्वीकृत बिक्री वा वितरण)** | | | | | |
| • थोरै मौद्रिक मूल्य भएका वस्तुहरु ($५० भन्दा कम) | • | • | | | |
| • महत्त्वपूर्ण मौद्रिक मूल्य भएका वस्तुहरु | | • | • | | |
| **#३९. विद्यार्थीलाई मौखिक वा शारीरिक धम्की** | | | | | |
| • धम्की दिने वा आक्रामक भाषाको प्रयोग गर्ने वा अर्को विद्यार्थी तर्फ इशाराहरु गर्ने | • | • | • | | |

| अनुपयुक्त र अवरोधपूर्ण व्यवहार र प्रतिक्रियाको स्तरहरु | | | |
|---|---|---|---|
| आधार: : संकेत गरिएको सबै भन्दा कम स्तरको प्रयोग गर्नुहोला | | | |
| **स्तर १.** कक्षाकोठामा समर्थन र विद्यार्थी समर्थन टोली: विद्यार्थीसँग कुनै पनि पूर्व घटनाहरुको रेकर्ड नभएको र हस्तक्षेपहरु नगरिएको अवस्थामा उपयुक्त हुन सक्छ। | **स्तर २.** उपयुक्त प्रशासन: व्यवहारलाई सम्बोधन गर्न कक्षाकोठामा समर्थनहरु राखिएको तर व्यवहारले विद्यार्थीहरुको र अरुको पठन-पाठनमा निरन्तर नकारात्मक तरिकाले असर पारेको बेला उपयुक्त हुन सक्छ। | **स्तर ३.** छोटो अवधिको लागि निलम्बन: उपयुक्त हुन सक्छ जब हस्तक्षेप र समर्थनहरु राखिएको छन् तर व्यवहार दोहोर्याइएको छ र बढ्दै गएको छ। | **स्तर ४.** दीर्घकालीन निलम्बनको लागि अनुरोध: विद्यार्थीको व्यवहारले स्कूलमाअरुहरुको सुरक्षालाई गम्भीर रुपमा असर गर्दा उपयुक्त हुन सक्छ। |

| अनुपयुक्त या विघटनकारी व्यवहार | स्तर १ | स्तर २ | स्तर ३ | स्तर ४ | पुलिस / उपयुक्त एजेन्सीलाई रिफर गर्न सकिन्छ |
|---|---|---|---|---|---|
| **#४०. हतियारहरु, बन्दुकहरु र विस्फोटक पदार्थहरु** | | | | | |
| ● विस्फोटक पदार्थहरु (पटाकाहरु, धुवाँ बमहरु सहित कुनै पनि आगजनी वा विस्फोटक पदार्थ वा उपकरण राखेको, बिक्री, वितरण, विस्फोट, वा विस्फोट गर्ने बारे धम्की। बन्दुक बाहेक ज्वाला वा कुनै दहनशील वा विस्फोटक पदार्थहरु वा पदार्थ वा वस्तुहरुको सम्मिश्रण।) | | | ● | ● | ● प्रहरीलाई रिफर गर्नुपर्ने हुन्छ |
| ● बन्दुक (संघीय संहिताको १८ यु.यस.सी. (USC) ९२१ मा परिभाषित गरिए अनुसार बन्दुक राखेको - जस्तै, ह्यान्डगन, राइफल, बन्दुक र बमहरु) | | | | ● | ● प्रहरीलाई रिफर गर्नुपर्ने हुन्छ |
| ● अन्य बन्दुकहरु (कुनै पनि बन्दुक, कुनै पनि प्रकारको, लोड वा अनलोड गरिएको, चलाउन सकिने वा चलाउन नसकिने बन्दुक राखेको, बन्दुक जस्तै देखिने कुनै पनि वस्तु सहित, बन्दुक बाहेक अन्य हतियारहरु - जस्तै, बीबी गन, पेलेट गन, वाटर गन, आदि) | | | ● | ● | ● |
| ● अन्य हतियारहरु (शारीरिक हानि गर्न सक्ने तत्वहरु वा अन्य बन्दुकहरु राखेको)। बन्दुक सम्बन्धि राज्यको कानूनको उल्लङ्घन गरे वापत सो कानून बमोजिम एक क्यालेन्डर वर्ष भन्दा कमको लागि निष्कासन गर्नु पर्ने तोकिएको छ तर सो निष्कासन बफलो पब्लिक स्कूलहरुले हरेक मुद्दाको आधारमा सो नियमलाई परिमार्जन गर्न सक्नेछ। | | | ● | ● | ● प्रहरीलाई रिफर गर्नुपर्ने हुन्छ |
| ● विस्फोटक पदार्थहरु (पटाकाहरु, धुवाँ बम सहितका कुनै पनि आगजनी वा विस्फोटक पदार्थ वा उपकरणहरु राखेको, बिक्री, वितरण गरेको, कुनै पनि किसिमको आगजनी गर्ने वा विस्फोट गर्ने बारे धम्की दिने । ज्वाला वा कुनै दहनशील वा विस्फोटक पदार्थ वा पदार्थ वा वस्तुहरुको सम्मिश्रण, बन्दुक बाहेक) | | | ● | ● | ● प्रहरीलाई रिफर गर्नुपर्ने हुन्छ |

**यदि कुनै एउटा विद्यार्थी वा हेरचाहकर्तालाई विद्यालयभन्दा बाहिरका सहायता वा सेवाहरु चाहिन्छ भने, निम्न कार्यालयहरुले मद्दत गर्न सक्छन्:**

*कृपया वैकल्पिक शैक्षिक माध्यमको व्यवस्था गर्न आफ्नो बच्चाको विद्यालयलाई फोन गर्नुहोस्*

| | |
|---|---|
| डिस्ट्रिक्ट अल्टरनेट इन्सट्रकसन् (जेनेरल प्रश्नहरु) | ८१६-३१३३ |
| उपस्थिति समर्थनहरु (Attendance Supports) | ८१६-३५९३ |
| मार्गदर्शन र परामर्श | ८१६-३७०२ |
| मेडिकल बिदा गृह निर्देशन | ८१६-३१३३ |
| होम स्कुलिङ कार्यालय | ८१६-३१०६ |
| घरबारविहीनका लागि शिक्षा कार्यक्रम | ८१६-३७१७ |
| उपेक्षित र अपराधको जोखिममा युवाको लागि कार्यक्रम | ८१६-३१७२ |
| विद्यार्थी कर्मचारी/ निलम्बनको सुनुवाई | ८१६-३५४७ |
| विद्यार्थी नियुक्ति / दर्ता | ८१६-३७१७ |
| बफेलो पब्लिक स्कूल स्विचबोर्ड अपरेटर | ८१६-३५०० |
| बहुभाषी शिक्षा | ८१६-३५७७ |
| अभिभावक वकालत कार्यालय | ८१६-४६७८ |
| अभिभावक तथा पारिवारिक संलग्नता कार्यालय | ८१६-३१७० |
| सुरक्षा | ८१६-३७०७ |
| विशेष शिक्षा | ८१६-३०६० |

(साथै: प्रि-स्कूल, विद्यार्थी नियुक्ति र आभिभावक सेवाहरु)

सुपरिवेक्षकको कार्यालय ८१६-३५७५

** यदि तपाईको बच्चाले बैकल्पिक शिक्षामा सहभागी भएको छ भने, तपाईले उनीहरुको गृहकार्यहरुको उनीहरुको स्कूललाई सम्पर्क गर्नुहोला।**



# २०२२-२०२३
# शिक्षा बोर्डका सदस्यहरु

श्री लुइस पेटरुची
अध्यक्ष
पार्क डिस्ट्रिक्ट सदस्य

डा. आन रिभेरा
कार्यकारी मामिलाहरुका उपाध्यक्ष
बोर्ड सदस्य -समग्रमा

डा. क्याथी इभान्स-ब्राउन
उपाध्यक्ष, विद्यार्थी उपलब्धि
इस्ट डिस्ट्रिक्ट सदस्य

श्री टेरेन्स हर्ड
शैक्षिक सहयोग, अध्य

क्षबोर्ड सदस्य-समग्रमा

श्रीमती पाउलेट वुड्स
वित्त र कार्य-संचालनका अध्यक्ष
सेन्ट्रल डिस्ट्रिक्ट सदस्य

# २०२२-२०२३
# शिक्षा बोर्डका सदस्यहरु

श्रीमती शेरोन बेल्टन-कोटम्यान
फेर्री  डिस्ट्रिक्ट सदस्य

सुश्री होप जय
नर्थ डिस्ट्रिक्ट बोर्ड सदस्य

सुश्री जेनिफर मेकोजी
वेस्ट डिस्ट्रिक्ट बोर्ड सदस्य

श्री लरेन्स स्कट
बोर्ड सदस्य-समग्रमा

मिस जासमिन क्यामरुन
विद्यार्थी बोर्ड सदस्य/
विद्यार्थी प्रतिनिधि

**बाफ्लो पब्किक स्कूलहरु**

तोन्या य्म. विलियम्स, एड. डि. (Ed.D.)
सुपरिवेक्षक, बफलो पब्लिक स्कूलहरु

शारोन ई. ब्राउन, एड.डी. (Ed.D.)
सहायक सुपरिवेक्षक, विद्यार्थी समर्थन सेवाहरु

ओर्निस हिल
सहायक सुपरिवेक्षक, विद्यार्थी समर्थन सेवाहरु

www.buffaloschools.org

शिक्षा बोर्डले आफ्नो शैक्षिक कार्यक्रमहरु, सेवाहरु तथा क्रियाकलापहरुमा उमेर, धर्म, अपाङ्गता, वैवाहिक स्थिति, मूल राष्ट्रियता, जाति, रंग, लिङ्ग वा यौन झुकावको आधारमा भेदभाव गर्दैन।

यस गैर-भेदभाव नीतिको बारेमा सोधपुछका लागि मानव श्रोत विभागका प्रमुख, श्रम टामी होली-मैक्गीलाई ७२० सिटि हल, बफलो, यन.वाई. १४२०२ मा वा फोन मार्फत ७१६- ८१६ - ३५०० मा सम्पर्क गर्नुहोला।

www.buffaloschools.org